## तल्लो वर्गको इजाजतपत्रप्राप्त संस्था माथिल्लो वर्गको इजाजतपत्रप्राप्त संस्थामा परिणत हुन सक्ने सम्बन्धी निर्देशन, २०६७

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम तल्लो वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था माथिल्लो वर्गमा परिणत हुन वा दुई वा दुई भन्दा बढी इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभिई स्तरोन्नति हुन यस बैंकमा निवेदन दिने इजाजतपत्रप्राप्त संस्थाहरुको हकमा देहायको व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. **<u>परिभाषा</u>:** यस निर्देशन बमोजिम "स्तरोन्नति" भन्नाले दफा (२) बमोजिमको मापदण्ड पूरा गरेका यस बैंकबाट इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएका "ग" वा "ख" वर्गका वित्तीय संस्था क्रमशः "ख" वा "क" वर्गको संस्थामा परिणत हुनसक्ने अवस्था सम्झनु पर्दछ।

२. **<u>स्तरोन्नति हुने सम्बन्धी मापदण्ड</u>:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ३६ बमोजिम यस बैंकबाट "ख" वा "ग" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था स्तरोन्नति हुनको लागि देहायका पूर्वयोग्यता/मापदण्डहरु पूरा भएको वा गरेको हुनुपर्ने छ :-

(क) संस्थाले सम्बन्धित वर्गको वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त गरेको अवधि ५ वर्ष पूरा गरेको।

(ख) संस्था पछिल्लो पाँच आर्थिक वर्षमा लगातार रुपमा नाफामा रहेको।

(ग) संस्था संचित नोक्सानीमा नरहेको।

(घ) कुल निष्कृय कर्जा (Non performing loan) अनुपात ५ प्रतिशत भन्दा तल रहेको।

(ङ) माथिल्लो वर्गको इजाजतपत्रप्राप्त संस्थाका लागि यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पूरा भएको।

(च) संस्थाले यस बैंकद्वारा जारी पुँजी पर्याप्तता, प्रति ग्राहक कर्जा सीमा, कर्जा निक्षेप अनुपात, कर्जा नोक्सानी व्यवस्था र वित्तीय श्रोत परिचालन सम्बन्धी निर्देशनहरु पूर्ण रुपमा पालना गरेको।

(छ) संस्था वा संचालक समिति/पदाधिकारीलाई यस बैंकबाट सुशासन लगायत खण्ड (च) मा उल्लिखित निर्देशनहरु पालना नगरेको विषयमा कारवाही भएको भए सो कारवाही फुकुवा भएको अवधि ३ वर्ष पूरा भएको।

(ज) शीघ्र सुधारात्मक कारवाही भएको भए सो कारवाही फुकुवा भएको ३ वर्ष पूरा भएको।

(झ) संस्थाले अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण सम्पन्न गरेको।

(ञ) राष्ट्रियस्तरको कार्यक्षेत्र भएको "ख" वर्गबाट "क" वर्गमा स्तरोन्नति हुन चाहने संस्थाको अघिल्लो आर्थिक वर्षमा व्यवसायको आकार ( निक्षेप तथा कर्जाको कुल योग) न्यूनतम चुक्ता पुँजीको १५ गुणा (हालको वर्गको) र ग्राहक संख्या २५ हजार (निक्षेपकर्ता र ऋणी) भएको।

(ट) राष्ट्रियस्तरको कार्यक्षेत्र भएको "ग" वर्गबाट "ख" वर्गमा स्तरोन्नति हुन चाहने संस्थाको अघिल्लो आर्थिक वर्षमा व्यवसायको आकार (निक्षेप तथा कर्जाको कुल योग) न्यूनतम चुक्ता पुँजीको १५ गुणा (हालको वर्गको) र ग्राहक संख्या १० हजार (निक्षेपकर्ता र ऋणी) भएको ।

(३) **<u>स्तरोन्नतिका लागि निवेदन दिने:</u>** दफा २ बमोजिमका मापदण्डहरु पूरा गरेको संस्थाले स्तरोन्नति हुने सैद्धान्तिक सहमतिका लागि देहायका कागजात तथा विवरणसहित यस बैंक समक्ष निवेदन दिन सक्नेछ :-

(क) सैद्धान्तिक सहमतिको लागि अनुसूची -१ वमोजिमको ढाँचामा निवेदन ।

(ख) यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पुगेको व्यहोरा यस बैंकको सूचीकृत लेखापरीक्षकबाट प्रमाणित भएको विवरण ।

(ग) स्तरोन्नति हुने सम्वन्धमा सम्वन्धित संस्थाको वार्षिक साधारण सभाले गरेको निर्णयको छविचित्र ।

(घ) संस्थाको कम्तीमा आगामी ५ वर्षको व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection) ।

(ङ) अनुसूची -२ र अनुसूची -३ बमोजिमको ढाँचामा दुई प्रतिशत वा सो भन्दा बढी शेयर धारण गरेका संस्थापकहरुको व्यक्तिगत विवरण ।

(च) संस्थापकहरुले सम्वन्धित संस्थाबाट कर्जा नलिएको स्व:घोषणा पत्र ।

(छ) संस्थापकहरुले अन्य बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिई भाका ननाघेको वा कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा समावेश नभएको व्यहोरा उल्लेख भएको स्व:घोषणा पत्र ।

(ज) वर्तमान शेयर पुँजी संरचना र स्वामित्व (संस्थापक समूह र सर्वसाधारण समूह) सम्बन्धी विवरण ।

(झ) संस्थापकहरुले कुनै एक बैंक तथा वित्तीय संस्थामा चुक्ता पुँजीको बढीमा १५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पूँजीको बढीमा १ प्रतिशत भन्दा बढी लगानी नगरेको स्व:घोषणा ।

(ञ) यस बैंक समक्ष निवेदन दिंदाका वखत संस्थाको कुल कर्जाको ५ प्रतिशत भन्दा कम निष्कृय कर्जा रहेको पुष्ट्याइँ हुने कागजात ।

(ट) संस्था संस्थापना गर्दा खर्च भएको पूर्व सञ्चालन खर्च पूर्ण रुपमा अपलेखन भएको प्रमाणित हुने कागजात ।

(ठ) संस्था पछिल्लो ५ वर्षदेखि लगातार मुनाफामा सञ्चालन भैरहेको प्रमाणित हुने लेखापरीक्षण भएको विगत ५ वर्षको वित्तीय विवरण ।

(ड) संस्थाले New Capital Adequacy Framework पूर्ण रुपमा लागु गर्नसक्ने योजना तथा संचालक समितिको प्रतिवद्धता ।

(ढ) शेयर खरिद बिक्री कारोवार रोक्का भएको व्यहोराको धितोपत्र विनिमय बजारको पत्र ।

(ण) पुँजी पर्याप्तता, प्रति ग्राहक कर्जा सीमा, कर्जा निक्षेप अनुपात, कर्जा नोक्सानी व्यवस्था र वित्तीय श्रोत परिचालन सम्बन्धी निर्देशनहरु पूर्ण रुपमा पालना गरेको स्वःघोषणा तथा सो पुष्ट्याइँ हुने कागजात ।

(त) विगत ३ वर्षमा शीघ्र सुधारात्मक कार्यवाही नभएको स्वःघोषणा ।

(थ) लेखापरीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरणको आधारमा व्यवसायको आकार ( निक्षेप तथा कर्जाको कुल योग) र ग्राहक संख्या (निक्षेपकर्ता र ऋणी) यस निर्देशन बमोजिम रहेको पुष्ट्याइँ हुने कागजात ।

(४) <u>**सैद्धान्तिक सहमतिः**</u> (१) दफा (३) अनुसार स्तरोन्नतिका लागि पेश हुन आएको निवेदनमाथि यस बैंकले बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ३६, यसै निर्देशनको दफा २ बमोजिमको पूर्वयोग्यता तथा पेश हुन आएका कागजात तथा विवरणहरु मूल्याङ्कन गरी माथिल्लो वर्गको वित्तीय कारोवार गर्ने अनुमति प्रदान गर्ने प्रकृयागत व्यवस्था अवलम्बन गर्नेछ र माथिल्लो वर्गको वित्तीय कारोवार गर्न चाहने सम्बन्धित वित्तीय संस्थाहरुलाई उल्लिखित व्यहोरा जानकारी गराउने छ । यसरी जानकारी उपलब्ध गराउंदा देहायका शर्तहरु कायम गरी सैद्धान्तिक सहमति प्रदान गर्न सकिनेछ :-

(क) माथिल्लो वर्गको वित्तीय कारोवार संचालनको लागि जारी पुँजीको ०.०२ प्रतिशतले हुने रकम यस बैंकको ना.नो.आ.हि. फुटकर शीर्षकमा जम्मा गरी सक्कल भौचर सहित अनुसूची -४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने ।

(ख) माथिल्लो वर्गको संस्थाले गर्ने कार्य समावेश गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित संशोधित प्रवन्धपत्र र नियमावलीको प्रतिलिपि पेश गर्नुपर्ने ।

(ग) संशोधित कर्जा नीति, आर्थिक प्रशासन विनियमावली, कर्मचारी प्रशासन विनियमावली र कर्जा अपलेखन विनियमावली पेश गर्नुपर्ने ।

(घ) माथिल्लो वर्गको संस्थाको संगठनात्मक संरचना र पदाधिकारीहरुको विवरण पेश गर्नुपर्ने ।

(ङ) सूचना प्रविधि तथा सफ्टवेयर सम्बन्धी विवरण पेश गर्नुपर्ने ।

(२) स्तरोन्नतिको लागि निवेदन दिएपछि सम्वन्धित सुपरिवेक्षण विभागसंग समन्वय गरी तयार गरिएको विशेष निरीक्षण प्रतिवेदनसमेतलाई आधार मानी स्तरोन्नतिका लागि गठित सिफारिस समितिमा आवश्यक छलफल गरी सो समितिको सिफारिसमा मात्र स्वीकृति प्रदान गरिने छ ।

(३) सैद्धान्तिक सहमति प्रदान भएको मितिले ६ महिनाभित्र माथिल्लो वर्गको वित्तीय कारोवार संचालन गर्न आवेदन गरिसक्नु पर्नेछ । तोकिएको समयभित्र आवेदन नगरेमा यस बैंकले प्रदान गरेको सैद्धान्तिक सहमति रद्द गर्न सकिनेछ ।

(५) <u>**सैद्धान्तिक सहमति दिन इन्कार गर्न सकिनेः**</u> (१) यस निर्देशनमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि यस बैंकले देहायको कुनै अवस्थामा स्तरोन्नति हुन चाहने संस्थालाई स्तरोन्नतिको लागि सैद्धान्तिक सहमति दिन इन्कार गर्न सक्नेछ :-

(क) बैङ्क वा वित्तीय क्षेत्रको विद्यमान अवस्था र सम्भाव्यताको आधारमा माथिल्लो वर्गको वित्तीय कारोबार सञ्चालन गर्न थप बैङ्क वा वित्तीय संस्थालाई इजाजतपत्र दिन उपयुक्त नदेखिएमा ।

(ख) खण्ड (क) को अवस्था हेरी निक्षेपकर्ताको हित संरक्षणको निमित्त माथिल्लो वर्गको वित्तीय कारोबार सञ्चालन गर्न इजाजतपत्र दिन उचित नदेखिएमा ।

(ग) इजाजतपत्रप्राप्त संस्थालाई माथिल्लो वर्गको वित्तीय कारोवार गर्न इजाजतपत्र दिँदा वित्तीय क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना हुने वा कुनै इजाजतपत्रप्राप्त संस्थाको एकाधिकार वा नियन्त्रित अभ्यास कायम हुनसक्ने सम्भावना देखिएमा ।

(घ) यस निर्देशनमा तोकिएका शर्त तथा मापदण्डहरु पूरा भएको नदेखिएमा ।

(२) उपदफा (१) बमोजिम कुनै संस्थालाई माथिल्लो वर्गको वित्तीय कारोवार सञ्चालन गर्न सैद्धान्तिक सहमति दिन नसकिने अवस्था भएमा यस बैंकले सोको कारण खुलाई निवेदन परेको मितिले एक सय बीस दिनभित्र सम्बन्धित संस्थालाई सूचना दिनेछ । सो अवधिभित्र यस बैंकले थप विवरण माग गरेको भए त्यस्तो विवरण प्राप्त भएको मितिले नब्बे दिनभित्र त्यस्तो सूचना दिनेछ ।

(६) <u>स्तरोन्नतिको लागि स्वीकृति प्रदान गर्नेः</u> (१) स्तरोन्नति भई माथिल्लो वर्गको कारोवार संचालनको लागि निवेदन प्राप्त भएपछि कागजातहरुको परीक्षण तथा भौतिक पूर्वाधार समेत निरीक्षण गरी स्वीकृति दिन यस बैंक सन्तुष्ट भएमा आवेदन गरेको तीन महिना भित्र स्वीकृति प्रदान गरिने छ । त्यस्तो स्वीकृतिको लागि यस बैंकले थप कागजात माग गरेको अवस्थामा त्यस्तो कागजात पेश गरेको मितिले स्वीकृति प्रदान गर्ने कार्यावधि गणना हुनेछ ।

(२) स्तरोन्नति भई माथिल्लो वर्गको कारोवार संचालनको लागि स्वीकृति प्रदान गर्नु अघि सैद्धान्तिक सहमति प्रदान गर्दा तोकिएका सम्पूर्ण शर्तहरु पूरा गरेको हुनु पर्नेछ ।

(७) <u>“घ” वर्गको वित्तीय संस्थाका सम्बन्धमाः</u> “घ” वर्गका लघु वित्त संस्था स्तरोन्नति गर्ने कार्य हाललाई स्थगित गरिएको छ ।

(८) <u>शेयर खरिद बिक्री कारोवार रोक्का गर्नु पर्नेः</u> माथिल्लो वर्गको इजाजतपत्रप्राप्त संस्थाको लागि आवश्यक पर्ने पुँजी पूरा गरेर सैद्धान्तिक सहमति पाउँ भनी निवेदन दिने वित्तीय संस्थाले त्यस्तो निवेदन साथ सो सम्बन्धमा यस बैकबाट अन्तिम टुंगो नलागेसम्मको अवधिको लागि त्यस्तो इजाजतपत्रप्राप्त संस्थाको शेयर धितोपत्र वजारमा सूचीकृत रहेको अवस्थामा शेयर खरिद बिक्री कारोवार रोक्का भएको व्यहोराको धितोपत्र विनिमय बजारको पत्र समेत पेश गर्नु पर्नेछ ।

(९) <u>गाभ्ने/गाभिने भई स्तरोन्नति हुने सम्बन्धमाः</u> (१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६९ बमोजिम इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्ने/गाभिने भई सोही ऐनको दफा ३६ बमोजिम स्तरोन्नतिको लागि यस बैंकमा निवेदन पेश हुन आएमा सर्वप्रथम गाभ्ने/गाभिने सम्बन्धी प्रकृया अवलम्वन गर्नु पर्ने छ र सो को टुंगो लागे पछि स्तरोन्नतिको कारवाही अघि बढाइने छ । यसरी गाभ्ने/गाभिने भई स्तरोन्नतिको लागि पेश हुन आएको निवेदनलाई प्राथमिकता दिइनेछ ।

(२) उपदफा (१) बमोजिम यस बैंकमा निवेदन दिंदा सोको जानकारी सम्बन्धित संस्थाले अनिवार्य रुपमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र धितोपत्र विनिमय बजार समेतलाई गराउनु पर्नेछ ।

(१०) <u>**खारेजी र बचाउः**</u> (१) यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६७ को गाभ्ने/गाभिने र स्तरोन्नति हुने सम्बन्धमा इ.प्रा. निर्देशन नं. १८/०६७ को बुँदा नं. १ र ३ तथा सो पश्चात यस निर्देशन जारी भएको समयसम्म जारी भएका यसै विषयसंग सम्वन्धित सम्पूर्ण परिपत्रहरु खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

*अनुसूची १*

श्री नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

बालुवाटार, काठमाडौं ।

विषयः ....... वर्गको इजाजतपत्रप्राप्त संस्थामा परिणत हुने सैद्धान्तिक सहमति पाउँ ।

महोदय,

प्रचलित कम्पनी ऐन बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गराई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम विगत ... वर्ष देखि वित्तीय कारोवार संचालन गर्दै आएकोमा सोही ऐनको दफा ३६ बमोजिम माथिल्लो वर्गको संस्था .... वर्गमा परिणत गर्ने गरी संस्थाको साधारण सभाबाट निर्णय भएकोले सैद्धान्तिक सहमति पाउन त्यस बैंकको पूर्व स्वीकृतिको लागि तोकिएका आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं ।

*आवश्यक कागजात थान.......संलग्न छन् ।*

भवदीय,

..................................................

(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)

नामः

ठेगानाः

टेलिफोन नं :

फ्याक्स नं. :

इमेल ठेगाना :

मितिः

संस्थाको छापः

*अनुसूची २*

.................................................... *लि.*

# वित्तीय संस्थाको संस्थापक समूहमा रहेका व्यक्तिहरुको

## व्यक्तिगत विवरण

फोटो

१. पूरा नाम थर :

२. जन्म मिति :

३. जन्म स्थान :

४. नागरिकता :

५. पूरा ठेगाना :

(क) स्थायी : (१) टेलिफोन (२) इमेल (३) फ्याक्स

(ख) अस्थायी : (१) टेलिफोन (२) इमेल (३) फ्याक्स

६. हालको पेशा :

(क) फर्म वा कार्यालयको नाम :

(ख) ठेगाना :

(ग) व्यवसायको प्रकृति/काम :

(घ) पदको नाम :

(ङ) टेलिफोन/ फ्याक्स/ईमेल :

७. बैवाहिक स्थिति :

(क) ☐ विवाहित/ ☐ अविवाहित/ ☐ सम्बन्ध विच्छेद भई ☐ अलग बसेको

(ख) विवाहितको हकमा पति/पत्नीको नाम :

(ग) पति/पत्नीको पेशा :

(घ) आश्रितहरुको विवरण

| पूरा नाम | सम्बन्ध | उमेर |
|---|---|---|
| ________________ | ________________ | ______ |

८. (क) बाबुको नाम :

ठेगाना :

पेशा :

(ख) बाजेको नाम :

ठेगाना :

९. शैक्षिक योग्यता :

| तह | संस्थाको नाम, ठेगाना | अध्ययन वर्ष | विषय | उपाधि लिएको मिति |
|---|---|---|---|---|
| स्नातक | | | | |
| स्नातकोत्तर | | | | |
| विद्यावारिधि | | | | |
| व्यवसायिक स्तर | | | | |
| तालिम सेमिनार | | | | |
| क) | | | | |
| ख) | | | | |
| ग) | | | | |

१०. तपाईसँग कुनै व्यवसायिक (Professional) विषयमा काम गर्ने इजाजत छ ?

☐ छ ☐ छैन

यदि छ भने

(क) इजाजतको प्रकृति :

(ख) इजाजत लिएको मिति :

(ग) इजाजत नम्वर :

(घ) इजाजत दिने संस्था र ठेगाना :





११. तपाई कुनै व्यवसायिक क्षमताको आधारमा, नेपाल राष्ट्र बैंकबाट निरीक्षण, अनुगमन गर्नु पर्ने संस्थामा काम गर्नुहुन्छ?

*(यदि छ भने, संस्थाको नाम, ठेगाना र कामको प्रकृति उल्लेख गर्नुहोस् । साथै, सम्वन्धित संस्थाबाट संस्थापन हुनका लागि स्वीकृति पत्र पेश गर्नुहोस् ) ।*

१२. कुनै संगठित संस्थामा तपाईको कुनै वित्तीय स्वार्थ वा हित गाँसिएको छ भने खुलाउनु होस् ?

१३. मैले यो वित्तीय संस्थामा देहाय वमोजिमको रकम लगानी गरेको छु ।

१. संस्थामा लगानी गरेको रकम रु...... ..... ....... (अक्षरेपी.............. .............. ...) ।

२. संस्थाको कुल जारी पुँजीको प्रतिशत ................. । यो शेयर यस बैंक/वित्तीय संस्थाको चुक्ता पुँजीको १५ प्रतिशतभन्दा बढी छैन ।

१४. तपाई कुनै फौज्दारी अभियोगमा पर्नु भएको छ ?

☐ छ ☐ छैन

१५. तपाँईले अन्य बैंक तथा वित्तीय संस्थासंग कर्जा कारोवार गर्नु भएको छ ?

☐ छ ☐ छैन (छ भने विस्तृत विवरण खुलाउनु होस् ?)

१६. निम्न प्रश्नहरुको जवाफ छ/छैनमा दिनुहोस् :

(क) तपाईंको विरुद्धमा अदालतमा कुनै अपराधिक कारवाई विरुद्ध मुद्दा चलेको छ ? ☐ छ ☐ छैन

(ख) तपाईंले कानून उल्लंघन गरेको कारणबाट सजायँ पाउनु भएको छ ? ☐ छ ☐ छैन

(ग) तपाईं संलग्न भएको कुनै संस्था टाट पल्टेको छ ? ☐ छ ☐ छैन

(घ) तपाईंले काम गरेको वा संचालक भएको वा तपाईंले ५ (पाँच) प्रतिशत भन्दा बढी शेयर लगानी गरेको संस्था कर्जा भुक्तानी गर्न नसकेको कारण कहिल्यै कालोसूचीमा परेको छ, छैन । ☐ छ ☐ छैन

(ङ) गैर कानूनी रुपमा विदेशी मुद्रा कारोवारमा संलग्न हुनु भएको छ ? ☐ छ ☐ छैन

(च) तपाईं संलग्न भएको संस्था कहिल्यै अपराधिक कृयाकलापमा संलग्न भएको छ ? ☐ छ ☐ छैन

(छ) तपाईलाईं बैंक तथा वित्तीय संस्थाको कर्जा कारोवारमा दुरुपयोग गरेको र सन्तोषजनक नभएको भनी बैंक तथा वित्तीय संस्थाबाट कुनै अभिलेख गरेको छ ? ☐ छ ☐ छैन

(ज) तपाई कर्जा सूचना केन्द्रको कालोसूचीमा पर्नु भएको छ ? ☐ छ ☐ छैन

यदि परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तिन वर्ष पुरा भएको छ ? ☐ छ ☐ छैन

(झ) तपाई अन्य बैंक तथा वित्तीय संस्थाको बहालवाला कर्मचारी, सञ्चालक, लेखापरीक्षक कानूनी वा अन्य सल्लाहकार हुनुहुन्छ ? ☐ छ ☐ छैन

(ञ) तपाई धितोपत्र दलाल वा बजार निर्माता रहनु भएको छ ? ☐ छ ☐ छैन

(ट) तपाई कुनै सार्वजनिक अपराध गरेको, कानून उल्लंघन गरेको वा प्रचलित कानून वमोजिम विघटनमा परेको कुनै संस्थामा कर्मचारी वा सल्लाहकारको रुपमा रहनु भएको छ ? ☐ छ ☐ छैन

(ठ) तपाई प्रचलित कानून वमोजिम दामासाहिमा पर्नु भएको छ ? ☐ छ ☐ छैन

(ड) तपाईले कुनै राजनैतिक पदमा निर्वाचित वा मनोनित प्रतिनिधिको रुपमा कामकाज गरिरहनु भएको छ ?

☐ छ ☐ छैन

(ढ) तपाईलाई प्रचलित कानून वमोजिम कुनै पेशा वा व्यवसाय गर्न रोक लगाइएको छ ? ☐ छ ☐ छैन

(ण) तपांईले लगानी गरेको अन्य फर्म/कम्पनी/संगठित संस्था नेपाल राष्ट्र बैंकले निरीक्षण तथा सुपरिवेक्षण गर्न चाहेमा मन्जुर छ। ☐ छ ☐ छैन

(त) तपाईले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य बैंक तथा वित्तीय संस्थामा संस्थापकको हैसियतले लगानी गर्नुभएको छ ? ☐ छ ☐ छैन *(छ भने विस्तृत विवरण खुलाउनु होस)*

१७. समय समयमा नेपाल राष्ट्र बैंकले निर्धारण गरे अनुरुप मेरो बैंक/वित्तीय संस्थाको पुँजी पुऱ्याउने प्रतिवद्धता जाहेर गर्दछु।

माथि उल्लेख गरिएको विवरण ठिक साँचो हो। यी कुनै पनि विषयमा जाँचबुझ/छानविन तथा मैले दिएको विवरण सार्वजनिक गर्न मेरो मञ्जुरी छ। झुठो भएमा यसैका आधारमा बैंक संस्थापना गर्ने इजाजत नदिएमा मेरो मञ्जुरी छ।

दस्तखत :

नाम :

मितिः

ठेगाना :

टेलिफोन :

.................................. *लि.*

## वित्तीय संस्थाको संस्थापक समूहमा रहेका संस्था

## (फर्म,कम्पनी,संगठित संस्था)हरुको विवरण

१. स्वदेशी संस्था (फर्म, कम्पनी तथा संगठित संस्था) :

(क) संस्थाको नाम :

(ख) संस्था दर्ता मिति :

(ग) प्रतिनिधित्व गर्ने व्यक्ति

नामः

पदः

२. विदेशी लगानीको हकमा :

(क) संस्थाको नाम :

(ख) संस्था दर्ता मिति :

(ग) प्रतिनिधित्व गर्ने व्यक्ति

नामः

पदः

३. सेवाको अभिलेख (विगत ५ वर्षको) बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्वन्धी व्यवशाय सञ्चालन गर्ने संस्था भए सो को विस्तृत विवरण :

| संस्थाको नाम, ठेगाना | अवधि | पद | निकटतम सुपरिवेक्षकको नाम | काम छोड्नुको कारण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

४. संस्थाको नामबाट कुनै व्यवसायिक (Professional) विषयमा काम गर्ने इजाजत छ ? ☐ छ ☐ छैन

<u>यदि छ भने</u>

(क) इजाजतको प्रकृति :





(ख) इजाजत लिएको मिति :

(ग) इजाजत नम्वर :

(घ) इजाजत दिने संस्था र ठेगाना :

५. संस्था विगत दुई वर्ष देखि सञ्चालन मुनाफामा रहेको छ/छैन ? ☐ छ ☐ छैन

संस्थाको दुई आ.व.को वित्तीय विवरण यसैसाथ संलग्न छ ।

६. संस्थाबाट लगानी गरी अन्य फर्म, कम्पनी, संगठित संस्थामा कुनै वित्तीय स्वार्थ वा हित गाँसिएको छ भने खुलाउनु होस ।

७. यो वित्तीय संस्थामा देहाय वमोजिमको रकम लगानी गरेका छौं ।

१. संस्थामा लगानी गरेको रकम रु...... ..... ....... (अक्षरेपी............... ............... ...) ।

२. संस्थाको कुल जारी पुँजीको प्रतिशत ................. । यो शेयर यस वित्तीय संस्थाको चुक्ता पुँजीको १५ प्रतिशतभन्दा बढी रहेको छैन ।

८. संस्थाको अन्य बैंक तथा वित्तीय संस्थासंग कर्जा कारोवार छ ?

☐ छ ☐ छैन (छ भने विस्तृत विवरण खुलाउनु होस् ?)

९. निम्न प्रश्नहरुको जवाफ छ/छैनमा दिनुहोस् :

(क) संस्थाको विरुद्धमा अदालतमा कुनै अपराधिक कारवाई विरुद्ध मुद्दा चलेको छ ? ☐ छ ☐ छैन

(ख) संस्थाले कानून उल्लंघन गरेको कारणबाट सजायँ पाएको छ ? ☐ छ ☐ छैन

(ग) संस्थाले लगानी गरेको अन्य कुनै संस्था टाट पल्टेको छ ? ☐ छ ☐ छैन

(घ) संस्थाले काम गरेको वा संचालक भएको वा संस्थांले ५ (पाँच) प्रतिशत भन्दा बढी शेयर लगानी गरेको संस्था कर्जा भुक्तानी गर्न नसकेको कारण कहिल्यै कालोसूचीमा परेको छ ? ☐ छ ☐ छैन

(ङ) संस्था गैर कानूनी रुपमा विदेशी मुद्रा कारोवारमा संलग्न भएको छ ? ☐ छ ☐ छैन

(च) तपाईको संस्थालाई बैंक तथा वित्तीय संस्थाको कर्जा कारोवारमा दुरुपयोग गरेको र सन्तोषजनक नभएको भनी बैंक तथा वित्तीय संस्थाबाट कुनै अभिलेख गरेको छ ? ☐ छ ☐ छैन

(छ) संस्था कर्जा सूचना केन्द्रको कालोसूचीमा परेको छ ? ☐ छ ☐ छैन

यदि परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको छ ? ☐ छ ☐ छैन

(ज) संस्था अन्य बैंक तथा वित्तीय संस्थाको सञ्चालक, लेखापरीक्षक कानूनी वा अन्य सल्लाहकार छ ?

☐ छ ☐ छैन

(झ) संस्था धितोपत्र दलाल वा बजार निर्माता रहेको छ ? ☐ छ ☐ छैन

(ञ) संस्था कुनै सार्वजनिक अपराध गरेको, कानुन उल्लंघन गरेको वा प्रचलित कानुन वमोजिम विघटनमा परेको कुनै संस्थामा सल्लाहकारको रुपमा रहेको छ ? ☐ छ ☐ छैन

(ट) तपाईको संस्था प्रचलित कानुन वमोजिम दामासाहिमा परेको छ ? ☐ छ ☐ छैन

(ठ) संस्थालाई प्रचलित कानुन वमोजिम कुनै पेशा वा व्यवसाय गर्न रोक लगाइएको छ ? ☐ छ ☐ छैन

(ड) संस्थाले लगानी गरेको अन्य फर्म/कम्पनी/संगठित संस्था नेपाल राष्ट्र बैंकले निरीक्षण तथा सुपरिवेक्षण गर्न चाहेमा मन्जुर छ । ☐ छ ☐ छैन

(ढ) संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य बैंक तथा वित्तीय संस्थामा संस्थापकको हैसियतले लगानी गरेको छ ? ☐ छ ☐ छैन *(छ भने विस्तृत विवरण खुलाउनु होस)*

१०. समय समयमा नेपाल राष्ट्र बैंकले निर्धारण गरे अनुरुप हामीले बैंक/वित्तीय संस्थाको पुँजी पुऱ्याउने प्रतिवद्धता जाहेर गर्दछौं ।

माथि उल्लेख गरिएको विवरण ठिक साँचो हो । यी कुनै पनि विषयमा जाँचबुझ/छानविन तथा मैले दिएको विवरण सार्वजनिक गर्न मेरो मञ्जुरी छ । झुठो भएमा यसैका आधारमा माथिल्लो वर्गमा परिणत हुने इजाजत नदिएमा मेरो मञ्जुरी छ ।

दस्तखत :

नाम :

मिति :

ठेगाना :

टेलिफोन :

*अनुसूची ४*

श्री नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

बालुवाटार, काठमाडौं ।

विषयः माथिल्लो वर्गको वित्तीय कारोबार गर्ने स्वीकृति पाउँ ।

महोदय,

त्यस बैंकको प.सं. ………………. मिति ………………….को पत्रबाट …… वर्गको इजाजतपत्रप्राप्त संस्थाका रुपमा परिणत गर्न सैद्धान्तिक सहमति प्राप्त भएकोमा तोकिएका शर्तहरु पुरा गरी सकेको हुँदा आवश्यक कागजात एवं इजाजतपत्र दस्तुर सहित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ३६ बमोजिम …. वर्गको संस्थाको रुपमा वित्तीय कारोवार गर्ने इजाजतपत्र पाउनको लागि यो निवेदन पेश गरेका छौं ।

*आवश्यक कागजात थान……संलग्न छन् ।*

भवदीय,

……………………………………………

(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)

नामः

ठेगानाः

टेलिफोन नं :

फ्याक्स नं. :

इमेल ठेगाना :

मितिः

संस्थाको छापः



